नेपाली राजदूतावास
**EMBASSY OF NEPAL**
2730 34th PLACE, N.W.
WASHINGTON, D.C. 20007

विषयः <u>राहदानी नवीकरणको सम्बन्धमा अत्यन्त जरुरी सूचना।</u>

राहदानी विभागले २०२६ जुन अन्तिमदेखि राहदानीको लागि नयाँ प्रणाली कार्यान्वयनमा ल्याउने गरी तयारी गरिरहेको छ।

उक्त योजना अनुसार विभागले Cut Off Date (२०२६ जुन अन्तिम) भन्दा एक हप्ता अगाडिदेखि मौजुदा प्रणाली बन्द गरी नयाँ प्रणालीमा रुपान्तरण गर्ने योजना राखेको छ। यस अवधिमा आवेदन संकलन कार्य हुने तर आवेदन अस्थायी रुपमा स्थानीय प्रणालीमा मात्र भण्डारण हुने गराएको छ।

साथै, नयाँ प्रणाली कार्यान्वयन पश्चात करिब ३ महिनासम्म स्थिरीकरण (Stabilization) अवधि हुने र यसले राजदूतावासबाट राहदानी नवीकरणको सेवा प्रवाहमा सिमितता हुन गई सेवाग्राहीलाई असुबिधा हुन जाने भएकाले आगामी ६ महिनाभित्र राहदानी आबश्यक पर्ने सेवाग्राहीले यथाशीघ्र राजदूतावासमा राहदानीको आवेदन दिनुहुन हार्दिक अनुरोध गरिन्छ।

यस सम्बन्धमा राहदानी विभागबाट थप जानकारी प्राप्त भए पश्चात अद्यावधिक जानकारी सहित नयाँ सूचना जारी गरिनेछ।

२०८३ जेठ २८ गते (तदनुसार जुन ११, २०२६)

PHONE: (202) 774 4780/ (202) 480 6858, EMAIL: info@nepalembassyusa.org